# साइबर आक्रमणपछि सुरक्षा कडा गर्ने तयारीमा जापान एयरलाइन्स

■ एजेन्सी
टोक्यो, माघ २९

जापान एयरलाइन्सले आफ्ना बस्तु वितरण सेवाको आरक्षण प्रणालीमा अनधिकृत पहुँच भएको पुष्टि गरेको छ । प्रारम्भिक विवरणअनुसार करिब २८ हजार प्रयोगकर्ताको व्यक्तिगत जानकारी चुहिएको हुन सक्ने अनुमान गरिएको छ। चुहिएको जानकारीमा प्रयोगकर्ताको नाम, ईमेल ठेगाना र फोन नम्बर समावेश छ । यद्यपि, बैंक कार्ड नम्बर, पासवर्ड वा अन्य संवेदनशील विवरण चुहिएको छैन, जसले ठूलो वित्तीय क्षति हुने जोखिम कम गरेको छ ।

सिन्ह्वाका अनुसार एयरलाइन्सले यस समस्याको समाधानका लागि वस्तु वितरण सेवा अस्थायी रूपमा बन्द गरेको छ । कम्पनीले यस घटनाले ग्राहक सेवामा असर नगर्ने र अन्य सेवा प्रणालीहरु सुरक्षित रहेको पनि स्पष्ट पारेको छ । घटना सार्वजनिक भएपछि कम्पनीले सुरक्षा मापदण्ड कडा गर्ने, प्रणालीको कमजोरी पहिचान गर्ने र भविष्यमा यस्ता घटना नदोहोरिन सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ ।

विशेषज्ञहरूले यो घटनालाई व्यक्तिगत डेटा सुरक्षा व्यवस्थामा सुधारको आवश्यकता भएको उदाहरणका रूपमा लिएका छन् । उनीहरूको सुझाव अनुसार प्रयोगकर्ताले आफ्ना व्यक्तिगत विवरणहरूको सुरक्षा गर्न सतर्क रहनु आवश्यक छ । साथै, कम्पनीहरूले प्रणालीमा थप प्रविधिक सुरक्षा उपायहरु लागू गर्नुपर्ने चेतावनी पनि दिइएको छ ।

यो घटनाले व्यक्तिगत डेटा सुरक्षित राख्न कम्पनी र प्रयोगकर्ताबीचको जिम्मेवारीलाई पुनः स्मरण गराएको छ र डिजिटल सुरक्षा सुधारमा ध्यान केन्द्रित गर्नुपर्ने आवश्यकता देखाएको छ ।

# ईयूलाई चीन र अमेरिकाको दोहोरो खतरा, अर्थतन्त्र बलियो बनाउने प्रतिबद्धता

■ एजेन्सी
ब्रसेल्स, माघ २९

इयू नेताहरूले चीन र संयुक्त राज्य अमेरिकाबाट दोहोरो खतराको सामना गर्दै युरोपको अर्थतन्त्रलाई बलियो बनाउन साहसका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

एएफपीका अनुसार यो एक चुनौती हो जसले लामो समयदेखि युरोपेली संघलाई घेरेको छ, तर भूराजनीतिक झट्का, तीव्र विश्वव्यापी प्रतिस्पर्धा र ठूला शक्तिहरूभन्दा पछाडि परेको अर्थव्यवस्थाका कारण यसले अझ बढी तात्कालिकता प्राप्त गरेको छ । युरोपको संकटग्रस्त अर्थतन्त्रलाई सुधार गर्नु आवश्यक छ भन्ने नेताहरूको साझा धारणा छ तर उनीहरु यसको उपचारमा सहमत छैनन् ।

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रौँ र जर्मन चान्सलर फ्रेडरिक मर्ज बिहीबार संयुक्त मोर्चा प्रस्तुत गर्न इच्छुक भए पनि फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँ र जर्मन चान्सलर फ्रेडरिक मर्ज युरोपेली संघका कम्पनीहरूको पक्ष लिने र थप संयुक्त ऋणका लागि फ्रान्सको दबाबमा सार्वजनिक रूपमा विभाजित भएका छन् ।

म्याक्रौँले भने, 'हामी यो आकस्मिकताको भावनासँग सहमत छौँ । हाम्रो युरोपले चीन र अमेरिकाबाट अनुचित प्रतिस्पर्धाबाट 'धेरै कडा दबाब' को सामना गर्न परेको छ ।'

मर्जले भने, 'हामी यो युरोपेली संघलाई छिट्टै सुधार गर्न चाहन्छौँ। हामी यसलाई अझ राम्रो बनाउन चाहन्छौं । मलाई खुशी के कुरामा लागेको छ भने म्याक्रौँ र म यी मामिलाहरूमा लगभग सधैँ सहमत छौँ ।' स्वतन्त्र व्यापारका प्रस्तावक स्विडेन र नेदरल्यान्ड्सलगायतका धेरै राज्यहरु संरक्षणवादमा नजान चेतावनी दिने भएकाले बिहीबारको वार्तामा 'युरोपेली सामान किनौँ' नीति कडा बहसको स्रोत हुन सक्छ ।

जर्मन चान्सलर मर्जले बुधबार भने, 'यस्तो कदमलाई 'अन्तिम उपाय' को रूपमा प्रयोग गरिनुपर्छ । 'रणनीतिक विचार-मन्थन' को रूपमा बहसमा आएको बिहीबारको बैठकले तत्काल कुनै निर्णय गर्ने अपेक्षा गरिएको छैन । युरोपेली परिषद्का अध्यक्ष एन्टोनिया कोस्टाले संयुक्त ऋणको कुनै उल्लेख नगरी १६ औँ शताब्दीको 'एल्डन बिसेन' दरबारमा निजी लगानीलाई कसरी खुला गर्ने भन्ने विषयमा छलफल हुने बताएका छन् ।

आफ्ना अमेरिकी प्रतिद्वन्द्वीहरूको विपरीत, युरोपेली कम्पनीहरूले जर्मनी र फ्रान्ससहित विश्वका केही ठूला अर्थव्यवस्थाहरूको घर भए पनि पूँजीको पहुँच बढाउन चुनौतीहरूको सामना गरिरहेका छन् । वार्ता सुरु हुनुअघि कोस्टाले भने, 'युरोपको आर्थिक वृद्धिलाई बलियो बनाउने हाम्रो स्पष्ट प्राथमिकता छ, जुन हाम्रो समृद्धिका लागि आवश्यक छ ।'

इयूको चिन्ताको सूची लामो छ, जसमा चीन र संयुक्त राज्य अमेरिकाको तुलनामा कमजोर आर्थिक वृद्धि र उद्योगका लागि आवश्यक दुर्लभ खनिजका लागि चीनलगायत समूह बाहिरका देशहरूमा निर्भरता समावेश छ । इटालीका प्रधानमन्त्री जर्जिया मेलोनीले ऊर्जाको मूल्यप्रति चिन्ता व्यक्त गरेका छन्, अधिकांश औद्योगिक अर्थव्यवस्थाहरूको तुलनामा यहाँ उर्जाको मूल्य उच्च छ । युरोपेली व्यवसायहरूले पनि विदेशी प्रतिद्वन्द्वीहरूलाई भेट्न गाह्रो छ ।

प्रभावशाली युरोपेली व्यक्तित्वहरूको समर्थनमा रहेका नेताहरु इयूको अर्थतन्त्रलाई रूपान्तरण गर्ने कुञ्जी एकल बजारलाई गहिरो बनाउनु र महाद्वीपमा व्यवसायहरूलाई काम गर्न सजिलो बनाउनु हो भन्ने विश्वास गर्छन् । उनीहरूले युरोपेली केन्द्रीय बैंकका पूर्व प्रमुख मारियो ड्रागीको धारणा सुन्नेछन्, उन १८ महिना अघि प्रकाशित एक ऐतिहासिक रिपोर्टका लेखक हुन् । यसले ईयूको प्रयासलाई अझ बढी प्रतिस्पर्धी बनाउन मार्गदर्शन गरेको छ ।

# डिजिटल पूर्वाधार सुरक्षामा श्रीलंकाको पहल

कोलम्बो, माघ २९ । श्रीलंकाले बढ्दो डिजिटल जोखिम र प्रविधिसम्बन्धी अपराधलाई ध्यानमा राख्दै देशको साइबर सुरक्षा प्रणालीलाई थप सुदृढ बनाउन व्यापक योजना अघि बढाएको छ । सरकारले संवेदनशील सूचना तथा महत्वपूर्ण सरकारी सेवा सञ्चालन गर्ने सबै प्रमुख निकायहरूलाई केन्द्रीय साइबर सुरक्षा सञ्चालन केन्द्रसँग आबद्ध गर्ने निर्णय गरेको जनाएको छ । यस व्यवस्थामार्फत सरकारी सञ्जालहरूको निरन्तर निगरानी, सम्भावित जोखिमको समयमै पहिचान तथा छिटो र समन्वित प्रतिक्रिया दिन सकिने विश्वास गरिएको छ ।


सरकारका जिम्मेवार अधिकारीहरूका अनुसार पछिल्ला वर्षहरूमा सरकारी कार्यालयहरु, बैंकिङ प्रणाली तथा सार्वजनिक सेवा प्रदायक संस्थाहरु लक्षित गर्दै विभिन्न प्रकारका अनधिकृत पहुँच प्रयास, सूचना चोरी तथा प्रणाली अवरूद्ध पार्ने गतिविधिहरु बढ्दै गएका छन् । यस्ता चुनौतीहरूको सामना गर्न अब एकीकृत र केन्द्रित संयन्त्र आवश्यक भएको निष्कर्ष निकालिएको छ । नयाँ व्यवस्थाअनुसार सबै संवेदनशील प्रणालीहरु एउटै निगरानी ढाँचाभित्र ल्याइनेछ, जसले जोखिमको मूल्यांकन, सूचना आदान-प्रदान र आवश्यक सुरक्षा उपायहरूको कार्यान्वयनलाई छिटो र प्रभावकारी बनाउनेछ ।

यस योजनाको दोस्रो चरणमा बाँकी सरकारी विभाग, अर्धसरकारी निकाय तथा महत्वपूर्ण सार्वजनिक पूर्वाधारसँग सम्बन्धित संस्थाहरूलाई समेत क्रमशः समेटिनेछ । साथै सरकारी कर्मचारीहरूका लागि विशेष तालिम कार्यक्रम सञ्चालन गरिनेछ, जसमा सुरक्षित डिजिटल व्यवहार, गोपनीय सूचना संरक्षण तथा सम्भावित साइबर जोखिम पहिचान गर्ने तरिकाबारे जानकारी दिइनेछ । जनचेतना अभिवृद्धि कार्यक्रममार्फत सर्वसाधारणलाई पनि सुरक्षित इन्टरनेट प्रयोगबारे सचेत गराइने योजना रहेको छ ।

सरकारले साइबर सुरक्षालाई अब केवल प्रविधिसम्बन्धी विषय नभई राष्ट्रिय सुरक्षा, आर्थिक स्थिरता र नागरिकको विश्वाससँग प्रत्यक्ष जोडिएको महत्वपूर्ण क्षेत्रका रूपमा लिएको छ । यस नयाँ पहलले सरकारी सेवा प्रणालीलाई सुरक्षित, भरपर्दो र व्यवस्थित बनाउने अपेक्षा गरिएको सिन्ह्वाले जनाएको छ ।

## कार्यालय सर्ने बारे सूचना

यस नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड, नारायणथान शाखा यही मिति २०८२/११/०१ गतेदेखि काठमाडौं महानगरपालिका वडा नं. ०३, नारायणगोपाल चोकदेखि बांसवारी रोड शहिद गंगालाल अस्पताल जाने बाटोमा करिव ३०० मि. उत्तर तर्फ नेपाल एस.वि.आई. बैंक लिमिटेड बस्दै आएको भवनको तेश्रो तल्लामा सर्ने व्यहोरा सम्पूर्णमा जानकारी गराईन्छ ।




National Life
for a secure future....
लाजिम्पाट, काठमाडौं, फोनः ४५१४७९९, वेभः www.nationallife.com.np

## निक्षेप उपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

यस सांग्रिला डेभलपमेन्ट बैंक लि.को विभिन्न शाखा कार्यालयहरूमा खाता खोली कारोवार गर्दै आउनु भएका तपसिल बमोजिमका खातावालाहरूको मृत्यु भएकोले र निजहरूले खाता खोल्दाको बखत इच्छाइएको व्यक्ति कोही पनि नराख्नु भएकोले हाल तपसिलमा उल्लेखित व्यक्तिहरूबाट यस बैंक समक्ष मृत्यु दर्ताको प्रमाणपत्र तथा आवश्यक कागजात सहित उक्त खातामा रहेको रकम पाउँ भनी निवेदन दिनु भएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदावी भएमा यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस) दिन भित्र** स-प्रमाण दावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

| सि. नं. | खातावालाको विवरण | दावी कर्ताको विवरण | खातावालाको मृत्यु भएको मिति | खाता रहेको शाखा |
|---|---|---|---|---|
| १ | **नामः खटरा रिषिदेव**<br>बुबाः रामेश्वर रिषिदेव<br>बाजेः सकला रिषिदेव<br>ठेगानाः बुढीगंगा-०३, मोरङ | नामः साबित्री कुमारी रिषिदेव<br>नाताः पत्नी | २०८२/०६/२० | टंकिसिनवारी, मोरङ |
| २ | **नामः कमला श्रेष्ठ गुरुङ**<br>बुबाः कृष्ण बहादुर श्रेष्ठ<br>पतिः सनम गुरुङ<br>ठेगानाः बुढानिलकण्ठ-०४, काठमाण्डौं | नामः सनम गुरुङ<br>नाताः पति | २०८२/०७/२९ | चाबहिल, काठमाण्डौं |
| ३ | **नामः जित सुब्बा**<br>बुबाः दिर्घ सिं सुब्बा<br>बाजेः केहर सिं सुब्बा<br>ठेगानाः ललितपुर-१४, ललितपुर | नामः उषा राई<br>नाताः पत्नी | २०८२/०८/२४ | नखिपोट, ललितपुर |
| ४ | **नामः लक्ष्मी भण्डारी**<br>बुबाः चित्र बहादुर कार्की<br>पतिः गोविन्द बहादुर भण्डारी<br>ठेगानाः बरहथवा-९, सर्लाही | नामः गोविन्द बहादुर भण्डारी<br>नाताः पति | २०८२/०७/१४ | नारायणटार, काठमाण्डौं |
| ५ | **नामः तुयु महर्जन**<br>बुबाः वासी महर्जन<br>बाजेः बाबु बाजे महर्जन<br>ठेगानाः काठमाण्डौं-२०, काठमाण्डौं | नामः गंगा देवी महर्जन<br>नाताः छोरी | २०७६/१०/१५ | न्यूरोड, काठमाण्डौं |

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
**केन्द्रीय कार्यालय** : बालुवाटार, काठमाण्डौं, फोन : ०१-४५२१८६१/६२/६३

## ग्लोबल आइएमई बैंक लि.
## निक्षेपउपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

ग्लोवल आइएमई बैंकको न्यूरोड शाखामा बचत खाता खोली कारोबार गर्दै आउनु भएका मनोज अग्रवालको मिति २०८२/०८/२२ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी सुनिता अग्रवालवाट मिति २०८२/१०/२३ मा निवेदन प्राप्त भएको छ। उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस वैंकको शाखामा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र दावी गर्न नआएमा बैंक नियमानुसार भईजाने व्यहोरा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक
न्यूरोड शाखा
फोन नं. ०१-५९०१२१९
ग्लोवल कनेक्ट : ०१-५९७०६००

## गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
**केन्द्रीय कार्यालयः** काठमाण्डौं-२, लाजिम्पाट, **फोन** : ०१-४५४५४२४/२५/२६, **वेभसाइटः** www.garimabank.com.np

## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशित मितिः २०८२/११/०१ गते**

यस विकास बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत विभिन्न प्रयोजनको लागि लिएको कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज र अन्य दै-दस्तुर रकम तिर्न बुझाउन पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा र विभिन्न मितिमा राष्ट्रिय स्तरको दैनिक पत्रिकाहरुमा कर्जा चुक्ता गर्न आउने बारे सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गरेको हुनाले विकास बैंकलाई कर्जा लिंदाको बखत धितो स्वरुप लेखि लेखाई दिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन-२०७३" ले दिएको अधिकार प्रयोग गरी लिलामद्वारा बिक्री गरीने भएको हुँदा इच्छुक महानुभावहरुले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन आह्वान गरिन्छ। धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्रीबाट कर्जा असुली हुन नसकेमा ऋणी तथा धनजमानीकर्ताहरुको हक अंश लाग्ने अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने र नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध पक्षहरुलाई कालोसूचीमा समावेश गराउन कर्जा सूचना केन्द्रमा सिफारिस गरि पठाउने व्यहोरा समेत ऋणी र धन जमानीकर्ताहरुलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, यसै सूचनालाई आधार मानि ऋणी तथा धन जमानीकर्ताहरुले सो दिन अगावै बैंकमा उपस्थित भई सम्पूर्ण कर्जा राफसाफ गरेमा लिलाम कार्य स्थगित गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **१. ऋणीको नामः जितेन्द्र थापा**<br>बावुको नामः जीवन कुमार थापा<br>बाजेको नामः हर्क वहादुर थापा<br>स्थायी ठेगानाः पोखरा-१५, कास्की<br>हालको ठेगानाः पोखरा म.न.पा.-१५, कास्की<br>ना.प्र.नं.: ४६१००१/११२२४<br>जारी मितिः २०६७/०१/१७, जारी जिल्लाः कास्की<br>**कर्जा शीर्षकः व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालयः महेन्द्रपुल, पोखरा**<br><br>**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय खैरहनी, चितवनमा जितेन्द्र थापाको नाममा दर्ता श्रेस्ता कायम रहेको खैरहनी गा.वि.स/न.पा वडा नं. ७/घ को कित्ता नं. २५६ क्षे.फ. २३८.९९ वर्ग मिटर भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | **क) नाम : एन्जिल गुरुङ**<br>बावुको नामः सत्यम गुरुङ<br>बाजेको नामः सन्त वहादुर गुरुङ<br>स्थायी ठेगानाः अन्नपूर्ण गा.पा.-४, कास्की<br>हालको ठेगानाः पोखरा म.न.पा.-१२, कास्की<br>ना.प्र.नं.: ४६-०१-७५-०६८०१<br>जारी मितिः २०७५/१०/१०, जारी जिल्लाः कास्की<br><br>**ख) नाम : कृष्ण वहादुर विश्वकर्मा**<br>बावुको नामः कमान सिं विश्वकर्मा<br>बाजेको नामः लाल वहादुर विश्वकर्मा<br>स्थायी ठेगानाः घिरिङ गा.पा.-४, तनहुँ<br>हालको ठेगानाः पोखरा म.न.पा.-३, कास्की<br>ना.प्र.नं.: ६८५७५, जारी मितिः २०६०/०८/१८<br>जारी जिल्लाः तनहुँ |

| ऋणी फर्मको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **२. क) ऋणीको नामः सिजन पोल्ट्री फर्म एण्ड सप्लायर्स**<br>फर्मको ठेगानाः इटहरी उ.म.न.पा.-२४, सुनसरी<br>फर्म दर्ता नं.: ३८९८/०७१/०७२<br>फर्म दर्ता मितिः २०७२/०१/२५<br>फर्मको पान नं.: ३०४३६६००६<br>फर्म दर्ता निकायः नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरी<br>**प्रोप्राईटरः अर्जुन कुमार गिरी**<br>**कर्जा शीर्षकः कृषि अधिविकर्ष कर्जा/हायर पर्चेज कर्जा**<br>**शाखा कार्यालयः इटहरी, सुनसरी**<br><br>**ख) ऋणीको नामः शिशिर भेटेरीनरी**<br>फर्मको ठेगानाः इटहरी उ.म.न.पा.-२०, सुनसरी<br>फर्म दर्ता नं.: ३७७०५२२०५०१०४/१४८६<br>फर्म दर्ता मितिः २०७७/०५/२२<br>फर्मको पान नं.: ६१३५९७१७७<br>फर्म दर्ता निकायः प्रदेश सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, औषधी व्यवस्था विभाग, विराटनगर<br>**प्रोप्राईटरः रुकमणि भारती**<br>**कर्जा शीर्षकः महिला उद्यमशिल कर्जा**<br>**शाखा कार्यालयः इटहरी, सुनसरी** | **क) नाम : अर्जुन कुमार गिरी**<br>बावुको नामः दामे गिरी<br>बाजेको नामः पहलमान गिरी<br>स्थायी ठेगानाः हासपोसा-६, सुनसरी<br>हालको ठेगानाः इटहरी उ.म.न.पा.-२०, सुनसरी<br>ना.प्र.नं.:०६१४७७६/१७८२<br>जारी मितिः २०४६/१२/१६, जारी जिल्लाः सुनसरी<br><br>**ख) नाम : रुकमणि भारती**<br>पतिको नामः अर्जुन कुमार गिरी<br>ससुराको नामः दामे गिरी<br>स्थायी ठेगानाः हासपोसा-२, सुनसरी<br>हालको ठेगानाः इटहरी उ.म.न.पा.-२०, सुनसरी<br>ना.प्र.नं.: ४३१४८/४५१४८<br>जारी मितिः २०५५/०२/०७, जारी जिल्लाः सुनसरी<br><br>**ग) नाम : दिल बहादुर भारती**<br>बाबुको नामः भवी लाल भारती<br>बाजेको नामः अनिलरुद्र भारती<br>स्थायी ठेगानाः जुवु-३, सोलुखुम्वु<br>हालको ठेगानाः इटहरी उ.म.न.पा.-२०, सुनसरी<br>ना.प्र.नं.: ३६७३/१४९४<br>जारी मितिः २०३८/१०/२६, जारी जिल्लाः सोलुखुम्वु |

*नोटः ऋणी सिजन पोल्ट्री फर्म एण्ड सप्लायर्सको कृषि अधिविकर्ष कर्जा/हायर पर्चेज कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु अर्जुन कुमार गिरी र रुकमणि भारती रहेको तथा ऋणी शिशिर भेटेरीनरीको महिला उद्यमशिल कर्जामा व्यक्तिगत धन जमानीकर्ताहरु अर्जुन कुमार गिरी, रुकमणि भारती र दिल बहादुर भारती रहेको ।*

**सुरक्षण धितोको विवरणः**
१. मालपोत कार्यालय सुनसरीमा अर्जुन कुमार गिरीको नाममा दर्ता श्रेस्ता कायम रहेको हासपोसा गा.वि.स./न.पा. वडा नं. २ स्थीत कि. नं. ३७०४ को क्षे.फ.०-०-१२³/⁴ भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. यातायात व्यवस्था कार्यालय कोशीमा गरिमा विकास बैंकका नाममा दर्ता भई ऋणी सिजन पोल्ट्री फर्म एण्ड सप्लायर्स कायम रहेको निम्न बमोजिमको सवारी साधनः
**सवारी दर्ता नं.: को. २ च. २३६९** कम्पनीको नामः महिन्द्रा एण्ड महिन्द्रा
मोडेलः MAHINDRA BOLERO SC XL FB 2 WD PS बनेको सालः 2018
च्यासिस नं.: MA1ZN2GHKJ1J75773 इन्जिन नं.: GHJ1J12961

| ऋणी फर्मको विवरण | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण |
|---|---|
| **३. क) ऋणीको नामः अष्टओम् मल्टिपर्पोज कम्पनी प्रा.लि.**<br>कम्पनीको ठेगाना : व्यास-०१, तनहुँ<br>कम्पनी दर्ता निकाय : कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौ<br>दर्ता नं. : १७६६१२/०७४/०७५<br>दर्ता मिति : २०७४/०६/३०<br>पान नं. : ६०६८६९६१६<br>**संचालक/अख्तियार प्राप्त व्यक्ति : महेश चन्द्र गिरी**<br>**कर्जा शिर्षकः हायर पर्चेज कर्जा**<br><br>**ख) ऋणी/धन जमानीकर्ताको नामः महेश चन्द्र गिरी**<br>बाबुको नाम : गोविन्द गिरी<br>बाजेको नाम : रुद्र गिरी<br>स्थायी ठेगाना : पोखरीभञ्ज्याङ-०४, तनहुँ<br>हालको ठेगाना : व्यास न.पा.-०१, तनहुँ<br>ना.प्र.नं. :२०१९८, जारी मिति : २०५३/०४/२०<br>जारी जिल्लाः तनहुँ<br>**कर्जा शिर्षकः व्यक्तिगत आवधिक कर्जा**<br>**शाखा कार्यालय : दमौली, तनहुँ**<br><br>**व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण**<br>क) नामः राम भक्त खनाल<br>बाबुको नाम : नरहरी खनाल<br>बाजेको नाम : बलभद्र खनाल<br>स्थायी ठेगाना : व्यास-०२, तनहुँ<br>हालको ठेगाना : व्यास न.पा.-०४, तनहुँ<br>ना.प्र.नं. : १४५९१<br>जारी मिति : २०५२/०५/२६, जारी जिल्लाः तनहुँ | **ख) नाम : कल्पना गिरी**<br>बाबुको नाम : गणेश गिरी<br>बाजेको नाम : शिवलाल गिरी<br>स्थायी ठेगाना : श्याम्घा-०२, तनहुँ<br>हालको ठेगाना : श्याम्घा-०२, तनहुँ<br>ना.प्र.नं. : ९०४५<br>जारी मितिः २०५१/०४/१८, जारी जिल्लाः तनहुँ<br><br>**ग) नाम : कमला देवी थापा**<br>पतिको नाम : गिरी राम थापा<br>ससुराको नाम : नुन बहादुर थापा<br>स्थायी ठेगाना : श्याम्घा-०२, तनहुँ<br>हालको ठेगाना : व्यास न.पा.-०१, तनहुँ<br>ना.प्र.नं. : २१७९८<br>जारी मितिः २०५३/०८/१२, जारी जिल्लाः तनहुँ<br><br>**घ) नामः शोभा गिरी**<br>पतिको नाम : महेशचन्द्र गिरी<br>ससुराको नाम : गोविन्द गिरी<br>स्थायी ठेगानाः पोखरीभञ्ज्याङ-०४, तनहुँ<br>हालको ठेगाना : व्यास न.पा.-०१, तनहुँ<br>ना.प्र.नं.: ७७८७९<br>जारी मितिः २०६१/११/०४, जारी जिल्लाः तनहुँ<br><br>*नोटः* ऋणी अष्टओम् मल्टिपर्पोज कम्पनी प्रा.लि.को **हायर पर्चेज कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु महेश चन्द्र गिरी, राम भक्त खनाल, कल्पना गिरी, कमला देवी थापा रहेको र ऋणी महेश चन्द्र गिरीको **व्यक्तिगत आवधिक कर्जामा** व्यक्तिगत धन जमानीकर्ताहरु राम भक्त खनाल, शोभा गिरी रहेको । |

**सुरक्षण धितोको विवरणः**
१. मालपोत कार्यालय दमौली तनहुँमा महेशचन्द्र गिरीको नाममा श्रेस्ता कायम रहेको तनहुँ जिल्ला कर्लुङ -६क स्थित कि.नं. २४५८ को क्षेत्रफल ०-३-०-० भएको जग्गा/सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२) गरिमा विकास बैंकको नाममा गण्डकी यायायात कार्यालय कास्कीमा दर्ता भई ऋणी अष्टओम् मल्टिपर्पोज कम्पनी प्रा.लि. कायम रहेको निम्न अनुसारको सवारी साधन ।
**सवारी दर्ता नं.: ग १ क ३७७५** सवारीको नामः व्याक्हो लोडर मोडेलः TEREX TLB 844S
बनेको सालः 2017 च्यासिस नं.: TEP844B4TH8012118 इन्जिन नं.: 4H3302/1720251

| ऋणीको नाम र ठेगाना | व्यक्तिगत धन जमानीकर्ताहरुको विवरण | |
|---|---|---|
| **४. ऋणीको नामः इन्सपायर ट्रेडिङ्ग प्रा.लि.**<br>कम्पनी दर्ता निकायः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौं<br>कम्पनीको ठेगानाः ललितपुर उ.म.न.पा वडा नं. १० कुपण्डोल<br>कम्पनी दर्ता नं.: ५९५९९/०६५/०६६<br>कम्पनी दर्ता मितिः २०६५/१०/३<br>कम्पनीको पान नं. ३०३४२७०४९<br>**अख्तियार प्राप्त व्यक्तिः मोहन कुमार गिरी**<br>**कर्जा शीर्षक : व्यवसायिक आवधिक कर्जा**<br>**शाखा कार्यालय : लाजिम्पाट, काठमाण्डौ** | **क) नामः मोहन कुमार गिरी**<br>बावुको नामः प्रदिप कुमार गिरी<br>बाजेको नामः जया नन्द गिरी<br>स्थायी ठेगानाः कोल्टी-३ बाजुरा<br>हालको ठेगानाः टोखा न.पा.-७, काठमाण्डौ<br>ना.प्र.नं.: ७०-३८०/१८८१<br>जारी मितिः २०५१/०४/१४<br>जारी जिल्लाः बाजुरा | **ख) नाम : भव बहादुर थामी**<br>बावुको नामः सनमान थामी<br>बाजेको नामः चतुरमान थामी<br>स्थायी ठेगानाः सुस्पाक्षमावती-७, दोलखा<br>हालको ठेगानाः का.म.न.पा.-३, काठमाण्डौं<br>ना.प्र.नं.: ७६०४<br>जारी मितिः २०५४/०३/०४<br>जारी जिल्लाः दोलखा |

**सुरक्षण धितोको विवरणः** मालपोत कार्यालय भक्तपुरमा मोहन कुमार गिरीको नाममा दर्ता श्रेस्ता कायम रहेको सिद्धिगणेश गा.वि.स./न.पा. वडा नं. ७ स्थीत कित्ता नं. ९०२ को क्षे.फ. ०-४-१-० भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शर्त बन्देजहरु :**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/११/११ गते सोमबार दिनको ५:०० बजे बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका कुनै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि अनुपस्थित रहेपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खोल्ने दिन कुनै कारणले सार्वजानिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खोल्न सकिनेछ वा कर्जा असुली समितिको सिफारिसमा प्रमुख कार्यकारी अधिकृतले बोलपत्र खोलिने अर्को मिति तोक्न सक्नेछन् ।
४. उल्लेखित सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा रहेको छ, बोलपत्रकर्ताले सोही अवस्था र परिमाणमा खरीद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रकर्ताले आफुले खरीद गर्न चाहेको सम्पत्तिको बोलपत्र कबुल गरेको रकमको कम्तिमा १०प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा नगद बुझाएको सक्कल रसीद/भौचर वा सो रकम बरावरको विकास बैंकको नाममा खिचिएको Good for Payment Cheque/Manager Cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।
६. बोलपत्रमा आफुले कुन कुन सम्पत्ति के कति दर र रकममा खरीद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षर मा स्पष्ट साथ खुलाउनु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रकर्ताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानून बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र आयकर प्रमाण–पत्रको फोटोकपी संलग्न गरेको हुनु पर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारीको पत्रको मितिले २१ दिन भित्र धरौटी वाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको समयावधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरीनेछ र यस रकममा कुनै ब्याज प्रदान गरीने छैन ।
११. स्वीकृत भएको बोलपत्रकर्ताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गर्नुपर्नेछ । यस्तो सम्पत्ति नामसारी गर्दा सम्बन्धित निकायमा कानून बमोजिम लाग्ने/बुझाउनु पर्ने दै-दस्तुर, कर/राजस्व लगायतका अन्य सम्पूर्ण खर्चहरु बोलपत्रकर्ता स्वयंले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालयहरु बाट रु.१,०००/- (फिर्ता नहुने गरि) तिरी प्राप्त गर्न सकिनेछ ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।